म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ११४ बिहीबार २० मंसिर २०८१ ने. सं. ११४५ थिलाथ्व 5 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बकैयामा बस दुर्घटना, २२ जना घाइते

हेटौंडा, १९ मंसिर/मकवानपुरको पूर्वीक्षेत्रस्थित मदन भण्डारी राजमार्गअन्तर्गत् बकैया गाउँपालिका-५ नम्बर वडा तीनतले घुम्तीको सडक खण्डमा बस दुर्घटना हुँदा २२ जना घाइते भएका छन् ।

हेटौंडाबाट छतिवनतर्फ जाँदै गरेको बा ५ ख ६६५३ नं. को बस आफैं अनियन्त्रित भई दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । घाइतेलाई प्रहरीले उद्दार गरी उपचारको लागि हेटौंडा सहकारी अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

३७ जना सवार रहेको बस सडकबाट अंदाजी ५० मिटर तल खोल्सामा खसेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार बसचालक हेटौंडा-१२, पदमपोखरीका ४५ वर्षीय टीकाराम लामा प्रहरीको नियन्त्रणमा रहेको छ । सबै घाइतेको अवस्था सामान्य रहेको प्रहरीको भनाई छ ।

# मउवा संघमा लाग्यो चुनाव, अध्यक्षमा दुई जनाको उम्मेदवारी घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ आगामी पुसमा हुने मकवानपुर उद्योग वाणिज्य संघको निर्वाचनमा अध्यक्ष पदमा उमेद्वारी दिने घोषणा धमाधम भइरहेको छ । मकवानपुर उद्योग वाणिज्य संघको आगामी पुस २४-२७ मा हुन लागेको ५८ औं वार्षिक साधारणसभा तथा निर्वाचनले हेटौंडा बजार तातिएको छ ।

निर्वाचनमा होमिएको ब्यवसायीले आफ्नो पक्षमा मतदाता रिझाउने क्रम सुरु भएको छ । उद्योगी व्यापारीहरु दुई खेमामा बिभाजन भएर प्रचारबाजी चलिरहेको छ । मकवानपुर उद्योग वाणिज्य संघको नयाँ नेतृत्वका लागि वर्तमान उपाध्यक्ष प्रमोदसिंह रानाभाटले अध्यक्षमा बुधबार उम्मेदवारी घोषणा गरेका छन् । रानाभाटले आफ्नो सम्पर्क कार्यालय उद्घाटन सहित अध्यक्ष पदको उमेद्वारी घोषणा गरेका हुन् । पुष २४ गतेदेखि २७ गतेसम्म संघको ५८ औं साधारण सभाका तथा अधिवेशन हुँदैछ । संघको बर्तमान बरिष्ठउपाध्यक्ष अनिल अग्रवालले मंगलबार नै उम्मेदवारी घोषणा गरेका थिए । आउँदो अधिवेशनले नयाँ कार्यसमिति चयन गर्नेछ । यो अधिवेशनमा कम्तिमा दुइवटा प्यानलमा चुनाव हुने आंकलन गरिएको छ । अग्रवालले आफू अध्यक्ष पदमा उम्मेदवारी दिने साझाकुरासँग बताएका छन् ।





मकवानपुरे उद्योगी, व्यवसायीको छाता संगठनका रुपमा रहेको मउवासंघमा २ हजार भन्दा बढी उद्योगी व्यवसायी सदस्य आवद्ध छन् । संघमा ३ वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चुनिन लागेको हो । रानाभाटले आफ्नो उम्मेदवारी घोषणाका साथमा हेटौंडा-२ स्थित पल्पसारोडमा सम्पर्क सचिवालय स्थापना गरेका छन् । प्रमोदसिंहका पिता डम्बरसिंहले रिबन काटेर सचिवालय उद्घाटन गरेका थिए । उम्मेदवारी घोषणापछि रानाभाटले व्यवसायीको हकहित र आर्थिक विकासका लागि आफूले ठोस काम गरेर देखाउने प्रतिवद्धता जनाएका छन् । व्यवसायीका समस्याको सम्बोधन गर्दै संस्थालाई थप उचाइमा पुऱ्याउने लक्ष्यका साथ आफू अध्यक्ष बन्न चाहेको रानाभाटको भनाइ छ । 'संघको नेतृत्व व्यवसायीले नै गर्नुपर्छ, व्यवसायीका हकहितका लागि ठोस योजना बनाएर संघलाई समृद्ध र प्रभावकारी बनाउन म निरन्तर क्रियाशील हुनेछु' रानाभाटले भनेका छन् । रानाभाटको उम्मेदवारीसँगै मउवासंघमा निर्वाचनको सरगर्मी बढेको हो । बर्तमान बरिष्ठउपाध्यक्ष रहेका अग्रवालले उद्योग वाणिज्य संघको चुनावमा अध्यक्ष पदमा आफ्नो दाबी स्वाभाबिक हुने बताएका छन् ।

संघमा बिगत १७ वर्षदेखिको बिरासतको अग्निपरीक्षमा अग्रवाल उत्रन लागेका हुन् । अग्रवालको मोर्चामा महासचिव तेजराज अधिकारी, कोषाध्यक्ष माधब ज्ञवाली, वस्तुगत सचिव नेत्रप्रसाद खतिवडा रहेका छन् । रानाभाटले भने आफ्नो मोर्चाको बारेमा खुलाएका छैनन् । दुबै प्यानलका व्यावसायिक उमेद्वार मकवानपुरको बस्तीपुर, हटिया, हर्नामाडी, छतिवनलगायतका बजारका व्यवसायी मतदाता भेटघाट तीब्र पारेका छन् । बस्तुगत संघहरुमा पनि यतिबेला कस्को पक्षमा उभिने ? भन्ने विषयमा छलफल गर्ने क्रम बढेको छ ।

रानाभाट मकवानपुर उद्योग वाणिज्य संघमा २०६७ सालमा सदस्य पदमा निर्वाचित भएर निरन्तर आफ्नो व्यावसायिक नेतृत्वको यात्रामा सक्रिय छन् । सदस्य बनेसँगै व्यवसायीको हकहितमा लागिरहेका रानाभाट २०७१ को निर्वाचनमा कोषाध्यक्ष बने । उनी २०७४ को संघको निर्वाचनबाट महासचिव बने । महासचिव बनेर जिल्लाभित्र मात्र नभई देशका विभिन्न उवासंघसँग सम्बन्ध कायम राख्नुका साथै आफ्नो अनुभवलाई थप वृद्धि गरे । हाल उनी मउवा संघको उद्योगतर्फका उपाध्यक्ष छन् । उनी २०७८ को निर्वाचनबाट उद्योग उपाध्यक्षमा रहेर कार्यसम्पादन गर्दै आइरहेका छन् ।

चरम् आर्थिक मन्दीका कारण ब्यवसायी निराश बनेको समयमा संघको नेतृत्व लिने कुरामा सहजता भने पक्कै छैन । हेटौंडा बजारको २५ मिटर सडक विस्तार, अटोभिलेज, घरबहालकर, अण्डर बिलिङ, हेटौंडा बजारक्षेत्रको पार्किङ, यातायात ब्यवसायीसँगको सम्बन्ध, ब्यवसायीका सबैखाले समस्या, स्थानीय सरकारको दबाव झेल्नुपर्ने अवस्थामा नयाँ नेतृत्वलाई चुनौती देखिएको छ । मकवानपुरमा रहेको संघको पश्चिमी क्षेत्र समिति, थाहानगर उवासंघसँगको सम्बन्ध, व्यवसायीको हकहितका लागि सहकार्य, जिल्लाका अन्य संघसस्थासँगको सकारात्मक सहकार्यमा पनि संघको नयाँ नेतृत्वलाई चुनौती देखिएको छ ।

# प्रगति खोज्दै कार्यालयको अनुगमनमा खानेपानी मन्त्री खड्का

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ बागमती प्रदेशको खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्री श्यामबहादुर खड्काले मन्त्रालय मातहतका कार्यालयको अनुगमन गरेका छन् ।

मन्त्री खड्काले खानेपानी डिभिजन कार्यालय हेटौंडा र जलस्रोत तथा सिचाई डिभिजन विकास कार्यलय हेटौंडाको अनुगमन गर्दै प्रथम चौमासिकको प्रगति समीक्षाबारे छलफल गरेका छन् । उनले लक्ष्यअनुसारको प्रगति हासिल गर्नेगरी कामगर्न कार्यालय प्रमुखलाई निर्देशन दिए । मन्त्री खड्काले कार्यालयलाई अधुरा योजना प्रथामिकताका साथ छिटो सम्पन्न गर्ने र जनतासँग प्रत्यक्ष जोडिएका योजनाको काम दिनरात नभनी चाँडो सपन्न गर्नुपर्नेमा जोड दिए ।



उनले विपतमा रहेका क्षेत्रमा विशेष तबरकासाथ काम गर्न निर्देशन दिए । चालू आर्थिक वर्ष २०८१/८२ मा खानेपानी डिभिजन कार्यालय हेटौंडामा ३ सय ८८ योजना रहेको र जसमा २ वटा बहुवर्षीय योजना छन् । खानेपानी डिभिजन हेटौंडाले चालू आवमा योजनाको ३५ प्रतिशत योजना सम्झौता गरी काम अघि बढाइसकेो डिभिजन प्रमुख रविन श्रेष्ठले जानकारी दिए ।

यस्तै, जलस्रोत तथा सिंचाई डिभिजन विकास कार्यालय हेटौंडाको कुल योजना २ सय ६६ छन् । सिंचाईमा १ सय ७४ योजना, तटबन्धनमा ९० योजना, विद्युतीकरणमा २ वटा योजना छन् । जसमध्ये ५८ वटा योजना सम्झौता भएर कार्यान्वयनको चरणमा गएको जलस्रोत तथा सिंचाई डिभिजन विकास कार्यालय हेटौंडाका डिभिजनप्रमुख निर्मल दाहालले जानकारी दिएका छन् । यसवर्ष क्रमागतमा जाने १० वटा योजना रहेको दाहालले बताए ।

कार्यालयको अनुगमनमा मन्त्रालयका सचिव मोहन शाक्य, महाशाखा प्रमुख मेघराराज अवस्थी, नवीन अधिकारी, मन्त्री खड्काका प्रमुखस्वकीय दोर्जे शेर्पा, विज्ञसल्लाहाकार राजेन्द्र श्रेष्ठ लगायतको सहभागिता रहेको थियो । मन्त्री खड्काले यसअघि अलपत्र योजनाको स्थलगत निरीक्षण गरी छिटो काम सम्पन्न गर्न निर्माण कम्पनी र मातहतका कार्यालयलाई निर्देशन दिएका थिए ।

# १७५ किलो गाँजासहित दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटे चेकपोईन्टस्थित पूर्व-पश्चिम लोकमार्ग सडकखण्डबाट बुधबार दिउँसो अवैध लागूऔषध सहित दुईजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा बकैया गाउँपालिका-४ बस्ने वर्ष २४ को सुमन लामा र सोही गाउँपालिका-११ बस्ने वर्ष २४ को सुशील भोलन रहेको मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

प्रहरी नायवउपरीक्षक अर्यालका अनुसार, दिउँसो १२ बजेको समयमा प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरीटोलीले हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको बा.प्रदेश ०३-००१ च १५८४ नं. को पिकअप गाडीलाई रोकी चेकजाँच गरेको थियो ।

गाडीको ढालामा खाली क्रेटहरुले छोपी लुकाईछिपाई राखिएको गाँजा बरामद भएपछि पिकअप गाडीसहित निजहरुलाई नियन्त्रणमा लिएको प्रहरी नायव उपरीक्षक अर्यालले बताए । पक्राउ परेका उनीहरुमाथि आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाएको प्रहरी नायव उपरीक्षक अर्यालले बताए ।

## हेटौंडा उप-महानगरपालिका -१, भागवतपुर भैरवडाँडा, मकवानपुरमा निर्माण हुन लागेको श्री तिरुपति बालाजी दिब्यधामको निर्माण शुभारम्भ सम्बन्धी जरुरी सूचना

धार्मिक सांस्कृतिक परिवेश झल्कने तिरुपती नगरवस्ती सहितको आन्तरिक र बाह्य धार्मिक पर्यटन क्षेत्रको निर्माणको लागि श्री तिरुपति बालाजी मन्दिर, पन्चमुखि हनुमानको मुर्ति निर्माण कार्यको लागि संस्कृत पाठशाला भवन, घनश्याम वाटिका शिशमहल वृद्धाश्रम, जेष्ठ नागरिक पार्क, तीर्थयात्री निवास, शुभकार्य र पितृकार्य स्थलको निर्माणको लागि र सहिद पार्कदेखि मनकामना सम्म केबुलकार निर्माणको उद्देश्य सहित श्री तिरुपति बालाजी दिव्यधामको बृहत कार्ययोजनाको लक्ष्य पुरा गर्न यहि मिति २०८१ साल मंसिर २२ गते शनिबार बिहान ७:३० बजे बागमती प्रदेशका मुख्यमन्त्री माननीय बहादुर सिंह लामाज्यूको उपस्थितिमा हेटौंडा उप-महानगरपालिका -१, भागवतपुर भैरवडाँडा, मकवानपुरमा निर्माण हुन लागेको श्री तिरुपति बालाजी दिव्यधामको निर्माण शुभारम्भ कार्यक्रममा यहाँहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

श्री तिरुपति बालाजी दिव्यधाम

निर्माण शुभारम्भ - मूल समारोह समिति

श्री तिरुपति बालाजी दिव्यधाम
SHREE TIRUPATI BALAJI DIVYA DHAM
बागमती प्रदेश, हेटौंडा उप-महानगरपालिका-०१, मकवानपुर

## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# चर्चामा हेटौंडा-काठमाडौं पोडवे

पछिल्ला दिनमा सार्वजनिक यातायात असुरक्षित र अव्यवस्थित बनिरहेको सन्दर्भमा पोडवे एउटा विकल्प बन्न सक्ने अध्ययनले देखाएको छ । तारमा आधारित यो प्रणाली नेपालमा सञ्चालन भए सार्वजनिक यातायातमा क्रान्ति हुने बताइन्छ । सरकारले आवश्यक नीतिगत व्यवस्था गरी पोडवेको अध्ययन तथा निर्माणका लागि सरकारी निकायले सहजीकरण गरिदिए पोडवे संचालन गर्न सकिने लगानीकर्ताहरुले बताएका छन् । काठमाडौंको गोणर्केश्वर नगरपालिकामा पोडवे सञ्चालनका लागि आवश्यक अध्ययन भइसकेको छ । क्यानडाका प्राविधिकले यसअघि यो क्षेत्रमा अध्ययन गरेका हुन् । सडक एवम् नदीकिनारमा पोडवे निर्माण गर्न सकिने देखिएको छ । यातायातको असुविधा रहेको काठमाडौं उपत्यका र अन्य सहरीक्षेत्रमा यो प्रविधि उपयुक्त विकल्प हुनसक्ने देखिएको छ । काठमाडौंको चक्रपथ, कौशलटार-नैकाप, बुढानीलकण्ठ-कीर्तिपुर, तारकेश्वर-टोखा, चक्रपथ, रत्नपार्क-बानेश्वर, गोकर्णेश्वर-बौद्ध-आरुबारी-दक्षिणढोका क्षेत्रमा पोडवे निर्माण गर्न सकिने एक अध्ययनले देखाएको छ । कर्णालीमा सुर्खेत-हुम्ला (लिमी)सम्म दुईसय ३१ किलोमिटर लामो पोडवे सञ्चालन गर्न सकिने सम्भाव्यता अध्ययन भएको छ ।

बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) परियोजना कार्यान्वयनको सूचीमा हेटौंडा-काठमाडौं ४२ किमि पोडवे पनि समावेश गरिएको थियो । तर, नेपालका प्रधानमन्त्रीसँग चिनियाँपक्षले नयाँ भन्दा पनि पुरानै एजेण्डामा सहमति भएको बताइएको छ । काठमाडौं-हेटौंडा पोडवेको विषय प्राथमिकतामा पर्न सकेन । २०५६ सालदेखि पूर्णरुपमा बन्द भएको चौकीटोलदेखि काठमाडौंको टेकुसम्म ४२ किमि रज्जुमार्गलाई बैकल्पिकरुपमा संचालनमा ल्याउने सवालमा एकवर्षदेखि बहस गरिरहेका सत्तारुढ दलका मुख्यसचेतक एवम् एमाले सांसद महेशकुमार बर्तौलाले केही समयअघि सदनमा हेटौंडा-काठमाडौं सार्बजनिक यातायात पोडवे संचालन गर्नुपर्ने बताएका थिए । १९८२ सालमा हेटौंडाको चौकीटोलदेखि काठमाडौंको टेकु भन्सारसम्म रोपवे संचालन भएको थियो । २०४३ सालमा हेटौंडा सिमेन्ट उद्योगले उत्पादन गरेको सिमेन्ट काठमाडौंमा ढुवानी गर्न रोपवे प्रभावकारी माध्यम बनेको थियो । तर, सिप्रद्धिले आफ्नो ट्रकको व्यवसाय चलाउनका लागि रोपवे बन्द गराउने कार्य गरेको आरोप लगाइएको छ । अमेरिकी सरकारको आर्थिक सहयोगमा रिब्लेट ट्रामवे कम्पनीले निर्माण गरिदिएको यो रोपवे भीमफेदी-कुलेखानी भएर यात्रा गर्दा बाटोबाट तारमा झुण्डिरहेको डिब्बा अहिले पनि देख्न सकिन्छ । यो जीर्ण अवस्थामा भएको रोपवेकै ठाउँमा आधुनिक सार्बजनिक यातायातको साधन पोडवे संचालन गर्न सकिन्छ भनेर सांसद बर्तौलाले विषय उठान गर्दै आइरहेका थिए ।

सोमबार भएको प्रधानमन्त्री केपी ओलीले चीन भ्रमणको बिआर आई कार्यान्वयनको सूचिमा यो परियोजना समाबेश रहेको थियो । प्रधानमन्त्री ओलीले चीन भ्रमणमा जानुपूर्व यी लगायत धेरैवटा परियोजना मन्त्रीपरिषदको बैठक राखेर एजेन्डाको रुपमा पास गरिएको थियो । नेपालले अति महत्वकासाथ समावेश गरेका परियोजना चिनीयाँ पक्षका लागि अनुत्पादक लाग्न सक्ने सम्भावना रहेको बताइएको छ । बिआरआइमा यो परियोजना हस्ताक्षर भएर कार्यान्वयन हुनसकेको भए हेटौंडा-काठमाडौंको जोखिमपूर्ण यात्रा सहज यात्रामा परिणत हुने थियो । अहिले हेटौंडाबाट सिस्नेरी हुँदै काठमाडौं जाँदा करिव ३ घण्टा भन्दा बढी जोखिमपूर्ण यात्रा गर्नुपर्ने वा नारायणघाट-मुग्लिन भएर दिनभरि यात्रा गर्नुपर्ने बाध्यता छ । यो पोडवे संचालन गर्न सकेको खण्डमा करिव आधा घण्टाकै समयमा हेटौंडा-काठमाडौं यात्रा गर्न सकिने सम्भावना छ । यसले काठमाडौंसँग हेटौंडालगायत आसपासका जिल्ला र प्रदेश तथा छिमेकी राष्ट्र भारतको पहुँच वृद्धि हुनेथियो । प्रधानमन्त्रीको भ्रमणअघि नै सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमालेले चीनसँग सहमति र समझदारी गर्न लागि फ्रेमवर्क तयार पारेका थिए । तर, समझदारीपत्रमा नेपालले बनाएका धेरै विषय अटाएनन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर २१ गते शुक्रबार ६ डिसेम्बर २०२४ । पञ्चमी, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:४२, सूर्यास्त ५:०७ । विवाह पञ्चमी (सर्वत्र श्री सीतारामको विवाह-उत्सव)

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परिवारमा कलह | **तुला** | : मानसिक अशान्ति |
| **वृष** | : यात्रामा बाधा | **वृश्चिक** | : कार्यमा ढिलाइ |
| **मिथुन** | : काममा सफलता हात पर्ने | **धनु** | : मांगलिक कार्य सम्पादन |
| **कर्कट** | : अपजस पाइने | **मकर** | : उपचारमा खर्च बढ्ने |
| **सिंह** | : बौद्धिक कार्यमा वाधा | **कुम्भ** | : मानमर्यादाको वृद्धि |
| **कन्या** | : व्यवसायमा विवाद | **मीन** | : नवीन कार्ययोजनामा लगानी |

# मुलुकलाई 'बनाना रिपब्लिक' बन्न नदिऊँ



✍ बलराम केसी

प्रधानमन्त्री के.पी.ओली माथि कम्बोडियामा अर्बौंको लगानी छ भन्ने दुर्गा प्रसाईंको आरोप छ । संविधानको धारा २० (५) र राजनीतिक तथा नागरिक अधिकार सम्बन्धी महासन्धिको धारा १४(३) (ग) अनुसार प्रधानमन्त्री निर्दोष मानिन्छन् । धारा १६ अनुसार प्रधानमन्त्रीको सम्मानपूर्वक बाँच्न पाउने हकमा हस्तक्षेप हुनुहुँदैन । प्रमाणित नहुन्जेल 'कानुनको आँखामा' निर्दोष मानिन्छ । तर नैतिकता र सुशासनको आँखामा पदले गर्दा नेपालीले 'के हो, फेरि अर्को काण्ड' नभनेर शंका गर्ने आधार हुन्छ । देशको प्रधानमन्त्रीलाई लागेको 'कम्बोडिया लगानी' भनिएको आरोप 'सार्वजनिक महत्व र सार्वजनिक सरोकारको' विषय हो । संविधानको धारा २७ मा नागरिकलाई सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हक प्राप्त छ । सो विषयमा सर्वोच्च अदालतमा रिट दर्ता गरेर सूचना मागिरहनुपर्दैन ।

यस विषयमा 'भएको के हो के होइन' सरकारले पारदर्शी ढंगबाट छानबिन गरेर नेपालीलाई सूचित गर्नुपर्छ । जसरी विमानमा बम राखेको छ भनेर कसैले फोन गर्‍यो भने नजिकैको विमानस्थलमा उतारेर बमको खोजी गरिन्छ । विज्ञले बम छैन भनेर सफाइ दिएपछि मात्र उड्न अनुमति दिइन्छ । त्यस्तै देशको कार्यकारी प्रमुखको पद अति संवेदनशील, महत्वपूर्ण र जिम्मेवार पद भएकोले निष्पक्ष छानबिन गरेर हो-होइन सत्य जनतासमक्ष ल्याउनुपर्छ । जाँचबुझ आयोग ऐन, अदुअआ यस्तै कामको लागि गठन भएको हो । सार्वजनिक भएको आज दोस्रो हप्तामा छ । तर सरकार मौन छ । तीन करोड नेपालीको शंका मेटिँदैन । सरकारसँग कुनै प्रकारको सम्बन्ध नभएका नागरिक समाजका निष्पक्ष र तटस्थ व्यक्तित्वहरू सम्मिलित जाँचबुझ आयोग ऐन अन्तर्गत समिति गठन गरेर कम्बोडियामा पठाएर छानबिन गरेर जनतालाई सूचित गर्नुपर्छ ।

### पञ्चायतकालको प्रधानमन्त्री

नेपाली र प्रधानमन्त्री स्वयंले पनि पञ्चायतको संविधानको धारा ८७ बुझ्नुपर्छ । धारा ८७ मा 'श्री ५ बाट मौसुफको अधिकार प्रयोग गरिबक्सेकोमा वा मौसुफको कर्तव्य पालन गरिबक्सेकोमा वा मौसुफबाट गरिबक्सेका अरू कुनै कामका सम्बन्धमा कुनै अदालतमा सवाल-जवाफ गरिने छैन भन्ने व्यवस्था थियो ।' यसैको प्रतिबन्धात्मक वाक्यांश राखेर 'तर यो धाराको कुनै कुराले श्री ५ को सरकार वा श्री ५ का कुनै कर्मचारीको विरुद्ध कारबाही चलाउन पाउने कानुनले दिएको अधिकारलाई सीमित गरेको सम्झिने छैन भन्ने व्यवस्था थियो ।'

उक्त कुरा पञ्चायती संविधानको हो । पञ्चायतकै पालामा पनि धारा ८७ को पहिलो प्याराले राजा व्यक्तिगतलाई मात्र संविधान माथि राखेर राजामाथि प्रश्न गर्न नपाइने व्यवस्था गर्‍यो । त्यतिबेला राजा स्वयंको वा राष्ट्रिय पञ्चायतको सदस्यको अध्यक्षतामा पनि मन्त्रिपरिषद् गठन हुन सक्थ्यो । जसमा कार्यकारी अधिकार सम्पन्न हुन्थ्यो । प्रतिबन्धात्मक वाक्यांशले पञ्चायतकालमा पनि राजाले अध्यक्षता गरेको मन्त्रिपरिषद्ले कुनै काण्ड गरेमा राजालाई समेत छानबिन गर्न सकिने प्रतिबन्धात्मक वाक्यांशले स्पष्ट गरेको थियो भने गणतान्त्रिक नेपालमा प्रधानमन्त्रीलाई संविधानले उन्मुक्ति पनि दिँदैन ।

पञ्चायतको संविधानको धारा ८७ ले देशको राष्ट्रप्रमुख श्री ५ को हैसियतकोमा मात्र उन्मुक्ति दिएको थियो । सरकार प्रमुख हैसियतमा उन्मुक्ति थिएन । प्रधानमन्त्री माथि छानबिन नगराई बस्न हुँदैन । प्रधानमन्त्री कानुन भन्दा माथि होइन । जसरी सामान्य नागरिकमाथि शंका भएपछि अनुसन्धान गरिन्छ त्यसैगरी प्रधानमन्त्री माथि पनि उहाँको धारा २० (५) र मानवअधिकार महासन्धिको धारा १४(३)(ग) को अधिकारको सम्मान गर्दै कम्बोडियाको लगानी भएको भनिएको काण्डमा अनुसन्धान हुनसक्छ, हुनुपर्छ र हुनुपर्थ्यो ।

### विदेशका नेताको उदाहरण

अन्तर्राष्ट्रिय प्रसंग पनि हेर्नुपर्छ । विल क्लिन्टन राष्ट्रपति हुँदा मोनिका लेविन्स्की काण्ड लाग्यो । केनेथ स्टारको अध्यक्षतामा महिनौं लगाएर छानबिन भयो । डोनाल्ड ट्रम्प पूर्व राष्ट्रपति कालमा रस्सासँगको साँठगाँठको आरोप लाग्यो । रवर्ट मुलरको अध्यक्षतामा छानबिन भयो । यस्तै बेलायतको प्रधानमन्त्री ऋषि सुनक पदमा हुँदा उनको श्रीमतीको स्रोत भन्दा बढीको कारोबारको शेयर देखियो । प्रधानमन्त्री सुनक माथि छानबिन भयो । अर्का प्रधानमन्त्री बोरिस जोनसोन कोरोनाको लकडाउन र रानी सिकिस्त बिरामी भएको बेलामा प्रधानमन्त्री कार्यालयमा रक्सी पार्टी गरेको आरोपमा बेलायतको प्रहरीले छानबिन गरेर ७० पाउण्ड जरिवाना गर्‍यो, उनले तिरे ।

भारतका प्रधानमन्त्री पीभी नरसिंह रावलाई झारखण्ड मुक्ति मोर्चासँग भोट खरिद गरेको आरोपमा मुद्दा नै चल्यो । डा. मनमोहन सिंह प्रधानमन्त्री माथि टुजि स्पेक्टममा मुद्दा नै चल्यो । फिनल्याण्डको ३५ वर्षे महिला प्रधानमन्त्री साराहा मेरिन क्रिसमसको बेलामा रेस्टुरेन्टमा गएर वाइन खाएर नाचगान गरिन् । उनलाई लागूऔषध खाइएको भनेर आरोप लाग्यो, इन्कार गरिन् । उनले सरकार प्रतिको शंका मेटाउन लागूऔषध परीक्षण गर्छु भनिन् । यस्ता अन्य दर्जनौं प्रधानमन्त्री र राष्ट्रपतिहरू छानबिनमा परेका घटना छन् । प्रमाणित भएको छैन तर यस्ता काण्डहरूले नेपाल राज्यलाई गणतन्त्र नेपालबाट 'बनाना रिपब्लिक अफ नेपाल' बनाउँछ । सरकारले राम्रो काम गर्न सकेन । बाढीपहिरोले पीडित जस्तो सामान्य समस्या नै समाधान गर्न सकेनन् । पीडित आजसम्म भोकभोकै अरूको शरणमा परिरहेका छन् ।

दर्जनौं काण्ड छँदै थिए अब 'कम्बोडियामा प्रधानमन्त्रीको लगानी' काण्ड भन्ने विवाद थपियो । बनाना रिपब्लिकको पहिचान नै काण्डैकाण्ड हो । 'कम्बोडियामा प्रधानमन्त्रीको लगानी' छ भनिएको समाचार बारे निष्पक्ष र तटस्थ छानबिन नगरेर सरकार झन् बदनाम हुँदैछ ।

### बनाना रिपब्लिकको लक्षण

बनाना रिपब्लिक भनेको छुट्टै कुनै राष्ट्र होइन । देशमा जब भ्रष्टाचारले जरो गाड्छ । कुशासन, दण्डहीनता, नेता र नेताका आसेपासे कानुन भन्दा माथि हुन्छन् । उनीहरूलाई कानुन लाग्दैन । ठूलालाई चैन सानालाई ऐन हुन्छ । शक्ति केन्द्रमा 'कोटरी' हुन्छ अनि त्यो कोटरीले देश चलाउँछ । कोटरी कानुन भन्दा माथि हुन्छ । उसले गरेको हरेक खतबात माफ हुन्छ । शासक वर्गलाई हरेक खतबातको उन्मुक्ति हुन्छ । शासक वर्ग छानबिनमा पर्दैनन् । कोटरी र सरकारको विरुद्ध कोही देखियो भने उसलाई कानुनको दुरुपयोग गरेर जेल हालिन्छ । सुशासनले सरकार चल्दैन । सरकारको विरोध गर्नेलाई राज्य सत्ता नै लागेर उसैलाई मुद्दा लगाइन्छ आदित्यादि बनाना रिपब्लिकको पहिचान र चरित्र हो ।

नेपाल बनाना रिपब्लिक बन्ने पछिल्लो उदाहरण दुर्गा प्रसाईंलाई थुन्न हतार गर्नु हो । पहिला छानबिन गर्नुपर्दथ्यो । प्रधानमन्त्रीले क्लियरेन्स पाएपछि मात्र दुर्गा प्रसाईं माथि अनुसन्धान हुनुपर्ने थियो । जापानबाट डिपोर्ट भएका प्रदेश मन्त्रीलाई मुद्दा नचलाई उन्मुक्ति र उनीसँगै गएका उस्तै अवस्थाका अन्यलाई जेल चलान बनाना रिपब्लिकका थप उदाहरण हुन् । नेपालले बनाना रिपब्लिकको लागि आवश्यक न्यूनतम योग्यताको १०० पूर्णाङ्क प्राप्त गरिसकेको थियो । वाञ्छनीय योग्यताको मात्रै बाँकी थियो । 'कम्बोडियामा लगानी' भनिएकोमा छानबिन समेत नभएको र व्यापारीको अर्बौं पर्ने सम्पत्ति एमालेको भवन बनाउने भनेर प्रधानमन्त्रीले स्वीकार्नुबाट पूरा हुने देखियो ।

### नेपाल र नेपालीको सम्मान

विश्वले नेपाललाई तीन प्रकारले चिन्दथ्यो । अब ४ प्रकारले चिन्ने भयो । नेपाल नआएका तर नेपाल बारे ज्ञान भएकाले नेपाल बुद्ध जन्मेको, सगरमाथाको, वीर गोर्खालीको देश र सुन्दर शान्त सभ्य र मिलनसार जनताको देश भनेर चिन्दथे । नेपाल आएर देखेकाले राजधानीका तीन शहरको कला, चितवनको वन्यजन्तु, सेता हिमाल, मिलनसार जनताको स्वभाव देखेर नेपाललाई खुला म्यूजियम भएको सुन्दर शान्त, सभ्य सांग्रिला देश मान्दथे । गोर्खालीको कारण चिनिने गोर्खाको पहिचान त छँदैथियो । राजनीति गर्नेले नेपाललाई दुई ठूला देश चीन र भारत बीच च्यापिएको र भूपरि वेष्टित भए पनि आफ्नो सार्वभौमसत्ता र स्वतन्त्रता जोगाउन सफल वीर गोर्खाली र शान्ति सेना मार्फत विश्वमा योगदान पुर्‍याएको देश भनेर चिन्दथे । संयुक्त राष्ट्रसंघमा सक्रिय भूमिका खेलेर विश्व शान्ति कायम गर्न उल्लेखनीय योगदान दिएको सभ्य राष्ट्र भनेर चिन्दथ्यो । तर नेपालको पहिचान अब त्यो मात्रै रहेन । अब 'बनाना रिपब्लिक अफ नेपाल' भनेर चिनिने देखियो ।

२०३९-४० सालतिरको कुरा हो । बेलायत र अर्जेन्टिना बीचको फकल्याण्ड युद्ध भर्खर अन्त्य भएको थियो । बेलायतले युद्ध जितेको थियो । ब्रिटिश गोर्खाको ठूलो योगदान थियो । यो कुरा विश्वमै चर्चा चलेको थियो । त्यही समयताका एक नेपाली ब्रिटिश काउन्सिलको छात्रवृत्तिमा अध्ययनको लागि बेलायत गएर नेपाल फर्कँदै थिए । उनलाई विमानमा २० किलो मात्र तौल लैजान पाउने थाहा भएनछ । हिथ्रो विमानस्थलमा तौल गर्दा लगेज बढी भएछ । लगभग ७० पाउण्ड जति बढी तौल बापत महसुल लाग्नेभयो । चेक-इन काउन्टरमा बस्ने कर्मचारीले चार्ज नतिरी नछाड्ने भयो ।

ती कर्मचारीलाई 'म गोर्खा देश नेपालको नागरिक । पढाइ सकेर घर फर्कन लागेको, मेरै गोर्खा देशको सेनाको कारण बेलायतले अर्जेन्टिनासँग फकल्याण्ड लडाइँ जित्यो । तर म त्यही देशको नागरिकलाई जरिवाना नगर्नुहोस् कृपया छाडिदिनुहोस्' भन्यो । (लेखक पनि फर्कने क्रममा हिथ्रोमा नै थिए ।) ती कर्मचारी उठेर एउटा कोठामा गए । सायद आफूभन्दा सिनियर होला अर्को अधिकृतलाई लिएर आए ।

काउन्टरका ती कर्मचारीले सबै कुरा बताइसकेका रहेछन् । ती अधिकृतले 'तपाइँ गोर्खाली हो ?' खुसीले मुस्कुराएर सोधे । 'ल भैगो तपाइँलाई बढी महसुल मिनाह' भनेर हाँसेर धन्यवाद दिँदै 'ह्याप्पी जर्नी' भने । चेक-इनको लागि जम्मा भएका यात्रु र कर्मचारीले ताली बजाएर ती नेपालीलाई अभिवादन गरे । नेपालको त्यो इज्जत सदा बच्नुपर्छ । त्यतिबेला भ्रष्टाचार र फोहोरी राजनीति कम थियो । अन्तर्राष्ट्रिय समुदायमा नेपालको ठूलो इज्जत थियो । आज नेपाल देशलाई कुशासन र भ्रष्टाचारमा मुछिएको देश र नेपाली नागरिकलाई त्यही अनुसारको हेराइले नेपाली पासपोर्ट र इमिग्रेसनदेखि नै दुर्व्यवहार हुन्छ । यी सब कारण नेपाल 'बनाना रिपब्लिक' बनाइनाले हो । आज नेपाल र नेपालीको यो हैसियत र इज्जत छैन । प्रजातन्त्र प्राप्तिपछिको २०४७ देखि २०६२-६३ को अवधि र संविधान लेख्दाको ८ वर्ष संक्रमणकालमा भएको घोटाला काण्ड भ्रष्टाचार र कुशासनलाई गणतन्त्र प्राप्तिपछिको १० वर्षको अवधिमा भएको घोटाला र काण्डको तुलना गर्ने हो भने गणतन्त्रकालीन १० वर्षमा बढी घोटाला र काण्डहरू भए । गणतन्त्र नराम्रो व्यवस्था होइन । राजतन्त्र समाप्त हुन सक्छ तर गणतन्त्र हुँदैन । नेपालमा गणतन्त्र असफल देखिनुको कारण 'बाघ पनि कराउनु बाखो पनि हराउनु' जस्ता अनेकन् काण्डले गर्दा हो ।

बनाना रिपब्लिकमा नै हो राज्य शक्तिको दुरुपयोग, गैरकानूनी र संविधान मिचिने र नागरिकको वाक् तथा प्रकाशन स्वतन्त्रता खोसिने । बनाना रिपब्लिकमा वैयक्तिक स्वतन्त्रताको अपहरण गरिन्छ । विरोधीलाई अभियोजन र प्रहरी हतियारको रूपमा प्रयोग गरिन्छ । छानीछानी मुद्दा चलाएर जेल हालिन्छ भने कसैलाई मुक्ति दिइन्छ । सरकार आलोचना सुन्न सक्दैन । यी सबै बनाना रिपब्लिकका स्वभाव हुन् । यसको अन्त्य हुनुपर्छ ।

### जेभी अर्थात् "ज्वाइन्ट भेन्चर" सरकार

कांग्रेस-एमालेको जेभी अर्थात् 'ज्वाइन्ट भेन्चर' ढाँचाको यो सरकार २०८४ सम्म चल्ने भनेर हिंडेको छ । व्यापारिक कारोबारमा आर्थिक र प्राविधिक क्षमताको कमिले कुनै कम्पनीले कुनै ठूला आयोजना एक्लै ठेक्कामा लिन नसक्ने भएमा दुई वा दुईभन्दा बढी कम्पनी मिलेर 'ज्वाइन्ट भेन्चर' मा टेन्डर हाल्दछन् । 'ज्वाइन्ट भेन्चर' मा अवधि तोकेर आयोजना सम्पन्न गर्ने सम्झौता गरिन्छ । राष्ट्रपतिको सरकार चलाउने बोलपत्र आह्वानमा दुई ठूला दलले 'ज्वाइन्ट भेन्चर' मा सरकार चलाउने टेन्डर हाले । प्रतिस्पर्धी अरू कम्पनी भएन । दुई ठूला दलको बोलपत्र राष्ट्रपतिद्वारा स्वीकृत भयो । 'ज्वाइन्ट भेन्चर' मा काम सम्पन्न गर्ने करार कांग्रेस र एमाले बीचको ७ बुँदे सहमति र न्यूनतम साझा कार्यक्रम हो । दुई दलको वरिष्ठ मन्त्रीहरूले पटक-पटक 'यो सरकारलाई गल्ती गर्ने छुट हुँदैन' भनेका छन् र 'यो सरकार असफल भयो भने देश असफल हुन्छ' पनि भनेका छन् । सरकार असफल हुने काण्ड घोटालाबाट हो । ती भाषण पूरा गर्न यस्ता काण्डहरू हुनुहुँदैन र भए पनि छानबिन गरेर सत्य कुरा जनतासमक्ष ल्याउनुपर्छ ।

अन्त्यमा, प्रधानमन्त्रीको दुई व्यक्तित्व हुन्छ । एउटा उहाँ नेपालको नागरिक निजी व्यक्तित्व त्यसमा आरोप लगाउन पाइँदैन । अर्को सार्वजनिक पद धारण गरेको कार्यकारी प्रमुख प्रधानमन्त्री । दोस्रो व्यक्तित्वको हैसियतमा त्यो पदको दुरुपयोग गरिन्छ, भ्रष्टाचार गरिन्छ, आचरणमा बसिँदैन, धारा ७५ को कार्य सम्पादन सन्तोषपूर्वक गर्न सकिँदैन आदि अक्षमता देखिन्छ भने प्रश्न उठ्छ । त्यो अवस्थामा सार्वजनिक पद धारणा गरेको प्रधानमन्त्रीको हैसियतमा आलोचना गर्ने, पदमा बस्न विरोध गर्ने लगायत अधिकार सम्पूर्ण नेपालीमा सुरक्षित हुन्छ । यही नै हो प्रजातन्त्र । बनाना रिपब्लिकमा मात्र विरोध गर्न पाइँदैन । तसर्थ अब कत्ति ढिलाइ नगरी छानबिन आयोग ऐन अन्तर्गत छानबिन गरियोस् । प्रधानमन्त्रीले सफाइ पाउन् र धारा २७ अनुसार नेपालीलाई सूचित गरियोस् ।

*(साभार: अनलाइनखबर)*

# सुशासन, सेवा प्रवाह र विकासमा सरकारको सुस्त कार्यशैली

✍ सागर पण्डित

प्रमुख दुई ठूला दल कांग्रेस र एमाले बीचको गठबन्धनबाट बनेको केपी शर्मा ओली नेतृत्वको सरकारले मुलुकमा सुशासन स्थापित गर्ने, सेवा प्रवाह प्रभावकारी बनाउन र विकासका महत्वपूर्ण योजना र कार्यक्रमलाई द्रुत गतिमा अघि बढाउन सकेको छैन । ठूला दुई सरकारद्वारा बनेको सरकारले पनि प्रभावकारीरुपमा काम गर्न नसक्दा आम जनतामा निराशा र आक्रोश छाउन पुगेको देखिन्छ । सत्तामा रहेकाहरुको अझै पनि चेत खुल्न सकेको देखिँदैन । जनतालाई सेवा र राहत दिने कार्यमा प्रधानमन्त्री, मन्त्री लगायतका उच्च अधिकारीहरुको खासै ध्यान जान सकेको छैन । मुलुकमा विकासका योजना र कार्यक्रम सञ्चालन गर्ने, उद्योग कलकारखाना स्थापना गरेर जनतालाई रोजगारी दिने, मूल्यवृद्धि नियन्त्रण गर्ने, उत्पादन बढाई निर्यात गर्ने, जनताका पिरमर्का र गुनासोको तत्काल सम्बोधन गर्ने, जनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षाजस्ता समस्या सम्बोधन गर्ने आदि कार्यमा सरकारी निकायले खासै ध्यान दिन सकेको छैन ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफलतापूर्वक कार्यान्वयन गर्न र आम जनताको असीमित चाहना पूरा गर्न भने यसअघि गठन भएका प्राय: सबै सरकारहरु असफलजस्तै बने । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीअनुसार सरकारहरु सञ्चालन हुनै सकेनन् । जनताको असीमिति चाहनालाई सम्बोधन गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका सरकारहरु असफल हुँदै आएकाले शासन प्रणालीमाथि नै विभिन्न खाले टीकाटिप्पणी र प्रश्नहरु उठिरहेका छन् । तर पनि प्रमुख दल र शासकहरुले यो विषयलाई हल्कारुपमा लिइरहेका छन् ।

वर्तमान सरकारका अधिकांश मन्त्रीहरु कार्यसम्पादनमा अनुत्तीर्ण बनेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले तयार पारेको कार्यसम्पादन मूल्यांकन र मन्त्रालयहरु आफैंले गरेको कामको विवरणलाई हेर्दा धेरै मन्त्रालयहरु लक्ष्यअनुसार काम गर्न असफल भएका देखिन्छन् । यसको अर्थ मन्त्रीहरु असफल भन्ने बुझ्नुपर्छ । अधिकांश असफल मन्त्रीहरुबाट सिंगो सरकारले आगामी दिनमा कस्तो कार्यसम्पादन गर्ला ? यस विषयमा प्रधानमन्त्रीले ठण्डा दिमागले सोच्नुपर्ने बेला आएको छ । कि असफल मन्त्रीहरुलाई तत्काल हटाएर काम गर्न सक्ने सक्षम र मेहनती मन्त्री ल्याउनुपर्छ, कि काम गर्न नसकेकालाई एकपटक अवसर दिएर काम र जिम्मेवारीमा खटाउन सक्नुपर्छ । त्यसका लागि अहिलेका मन्त्रीहरुले अहोरात्र काममा खट्नुपर्ने आवश्यकता देखिन्छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्ने महान् लक्ष्य र उद्देश्य लिएर गठन भएको सरकारका मन्त्रीहरुले आ-आफ्ना क्षेत्रमा उल्लेख्य काम गरेर तरंग दिन सक्नुपर्थ्यो । जनताले प्रत्यक्ष अनुभूति गर्न पाउने खालका अग्रगामी कार्यक्रमहरु सक्रियताका साथ लागू गर्न सक्नुपर्थ्यो तर त्यस्तो हुन सकेको छैन । हाम्रा धेरै मन्त्रीहरु कार्यस्थलको भवनको प्यासेजमा नै अलमलिन पुगेका छन्, मन्त्रीको रुपमा देश हाँक्न आएका राजनीतिक नेतृत्व चराले वेग हानेजस्तै वेग हान्न त खोज्छन् तर उनीहरु प्यासेजका भित्ताहरुमा नै अड्किन पुगेका छन् । यसमा दुई पक्षले काम गरिरहेको छ । एक त मन्त्रीहरुले अत्यधिक मिहिनेत गरेर मन्त्रालयको कार्यजिम्मेवारीलाई कडाइका साथ व्यवहारमा उतार्न सकिरहेका छैनन् । अर्कोतर्फ मन्त्रीलाई सघाउने महत्वपूर्ण जिम्मामा रहेको ब्यूरोक्रेसीले भित्रीरुपमा सहयोग गरेका छैनन् । मन्त्रीहरुले इमानदारितापूर्वक काम गर्न नसक्दा पनि प्रशासकहरुबाट सहयोग पाउन नसकेको हुन सक्छ ।

मन्त्री भएर आएपछि अधिकांश मन्त्रीहरुले कार्यविभाजन नियमावलीअनुसार आफ्नो मन्त्रालयले गर्नुपर्ने कार्य जिम्मेवारीसमेत राम्ररी अध्ययन नगरेको पाइएको छ । मन्त्रीहरु मन्त्रालयको जिम्मेवारीअनुसारका महत्वपूर्ण योजना र कार्यक्रम ल्याउन भन्दा पनि विभिन्न खाले गोष्ठी, उद्घाटन र कार्यक्रममा सहभागी हुने गरेका छन् । अधिकांश मन्त्रीहरु आफ्नै स्वार्थमा रुमल्लिन पुगेको पाइन्छ । केही अपवादलाई छोडेर मन्त्रीहरु आफ्नो जिम्मेवारी अनुसारको बिजनेसलाई जनताको पक्षमा लैजान भन्दा पनि आफ्नै स्वार्थ पूरा गर्न लागिरहेका छन् । राजनीतिक नेतृत्वहरुले जहिले पनि आफ्नो जिम्मेवारीमा रहेको भित्रसम्मको बिजनेस के हो भन्ने कुराको गम्भीरतापूर्वक अध्ययन गरी बुझ्न सक्नुपर्छ । त्यसै गरी प्रधानमन्त्री ओली आफैं पनि सानातिना कार्यक्रममा नै अल्झन पुगेका छन् । प्रधानमन्त्री, मन्त्री र उच्च पदाधिकारीहरु सानातिना कार्यक्रमको उद्घाटनमा अल्झिनुभन्दा पनि योजना बनाउन, छलफल र बहस गर्नमा नै व्यस्त हुँदा उनीहरुकै लागि फाइदाजक हुनेछ । सरकारले अघि सारेको नीति तथा कार्यक्रम बमोजिम ब्यूरोक्रेसीले प्रतिबद्धताका साथ जनतासमक्ष सेवा प्रवाह गर्न सकेको छैन । ब्यूरोक्रेसीको काम नै प्रणालीअनुसार सेवा प्रवाह प्रभावकारीरुपमा दिने नै हो । तर अहिले जतासुकै सरकारका विषयहरु सुनिएका मात्रै छन् । सरकारलाई जनताले सुने पनि सरकार के हो भनेर वास्तविक अनुभूत गर्ने गरी देख्न सकेका छैनन् । जनतालाई सरकारको अनुभूत गराउने मुख्य भूमिका प्रशासनको हो । सरकारको काम याक्सनमा लैजाने भनेकै कर्मचारी प्रशासनले हो ।

'द गभर्मेन्ट इन्टु एक्सन' भन्ने बित्तिकै सेवा प्रवाहको कुरा आउँछ । सेवा प्रवाह दिलाउने काम निजामती प्रशासन र अन्य सरकारी सेवाको हो । जनतालाई प्रदान गर्ने सेवाहरु, विकास प्रवाहको विषय, सुशासनको विषय, जवाफदेहिता, पारदर्शिता यी सबै विषयले उच्च प्राथमिकता पाउनुपर्छ । विगतका शासकीय प्रणालीहरु असफल हुनुमा राजनीतिक नेतृत्वको अक्षमताका साथसाथै कर्मचारीतन्त्रको अक्षमता पनि उत्तिकै कारण हो । सेवा प्रवाह गर्ने प्राय: सबै निकायका कर्मचारीहरु बिचौलियाको घेराबन्दीमा छन् । मन्त्रीहरु पनि बिचौलियाकै घेराबन्दीमा छन् । प्रधानमन्त्रीले आफूले भ्रष्टाचार नगर्ने र अन्यलाई पनि भ्रष्टाचार गर्न नदिने रटान रट्दै आए पनि त्यसलाई व्यवहारमा उतार्न सकेको देखिँदैन । कुशासनको चक्रमा फसेका मन्त्रीहरुमाथि प्रधानमन्त्रीले कारबाही गर्न नसक्नुले प्रधानमन्त्रीको बोली र गराइमा तारतम्यता देखिन सकेको छैन । जनतालाई सबैभन्दा फ्रन्टलाइनबाट सेवा दिने भनेको स्थानीय तहले हो । तर जनतालाई सबैभन्दा नजिकबाट सेवा दिने स्थानीय तहलाई सुविधा सम्पन्न र साधन-स्रोत सम्पन्न बनाउन केन्द्रीय सरकारले नै बेवास्ता गरिरहेको छ । अर्कोतर्फ स्थानीय तहमा भ्रष्टाचार बढ्दो छ । कैयौं स्थानीय तह भ्रष्टाचारको अखडा बनिरहेका छन् । *(साभार: न्यूज अफ नेपाल)*

# भीडभाड हुने अड्डामा अधिकृत अभाव, नासु र खरिदारकै भर

काठमाडौं/सरकारले दरबन्दी अनुसार कर्मचारी खटाउन नसक्दा कार्यबोझ उच्च भएका विभिन्न सरकारी कार्यालयसहित स्थानीय तहहरू समेत समस्यामा छन् । सिंहदरबारसहित काठमाडौं र सुगम क्षेत्रका विभिन्न सरकारी कार्यालयमा दरबन्दीबमोजिम नै कर्मचारी उपलब्ध छन् । तर, बढी भीडभाड हुने, जनताले दैनिक सेवा लिनुपर्ने र दुर्गम क्षेत्रमा रहेका सरकारी कार्यालयले अधिकृतको अभाव व्यहोर्नुपरिरहेको छ । ती कार्यालयहरूले स्वीकृत संगठन संरचनाले तोकेको दरबन्दीका राजपत्रांकित अधिकृत समेत पाएका छैनन् ।



कार्यालयहरूमा महत्त्वपूर्ण निर्णय गर्ने अधिकार राख्ने र जोखिम लिएर समेत निर्णय गर्न सक्ने अधिकृतहरू नै पर्याप्त नभएपछि सेवा प्रवाह नायब सुब्बा र खरिदारका भरमा गर्नुपर्ने बाध्यतामा कैयौं सरकारी कार्यालयहरू छन् । लोकसेवा आयोगले पनि पर्याप्त संख्यामा कर्मचारी भर्ति गरेर सरकारलाई उपलब्ध गराउन सकेको छैन भने लोकसेवा उत्तीर्ण कर्मचारीको वितरण दबाब र प्रभावका आधारमा हुँदा धेरै सरकारी कार्यालयहरूको सेवा प्रभावित छ ।

गत हप्ता मात्रै गृह मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र नै लेखेर दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन गर्न आग्रह गर्‍यो । अहिले जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालयसहित गृह मन्त्रालय अन्तरगतका विभिन्न निकायमा कर्मचारी अभाव छ ।

दरबन्दी भएपनि करिब ६० जना शाखा अधिकृत स्तरका कर्मचारीहरू गृहसँग छैनन् । कर्मचारी अभावका कारण जिल्ला प्रशासन कार्यालयहरू बढी प्रभावित छन् । यसैकारण मन्त्रालयले गृह मन्त्रालयसँग पत्र नै लेखेर रिक्त पदपूर्ति गर्न कर्मचारी व्यवस्थापन गर्न सामान्य प्रशासन मन्त्रालयलाई भनेको हो । विभिन्न जिल्ला र इलाका प्रशासन कार्यालयहरूमा पर्याप्त जनशक्ति नहुँदा नियमित सेवा प्रवाहमा समस्या परेको छ । सेवाग्राहीको चाप उच्च भएका कार्यालयहरू यो समस्याबाट बढी प्रभावित छन् । सेवा प्रवाह सुस्त हुँदा सेवाग्राही लामो लाइन बस्न समेत बाध्य छन् ।

संघीय सरकारले गर्ने तय भएका कतिपय काम प्रशासन कार्यालयमार्फत नै गर्नुपर्दा काठमाडौं उपत्यकासहित तराई मधेश तथा भित्री मधेशका जिल्लामा कार्यबोझ उच्च छ । प्रशासन कार्यालयलाई चुस्त राख्न नसके जिल्लाको शान्ति सुरक्षा व्यवस्थामा समेत समस्या पर्ने देखिएको अधिकारीहरू बताउँछन् । जिल्ला प्रशासन कार्यालयले नियमित रूपमा शान्तिसुरक्षा कायम गर्नेबाहेक जिल्ला दररेट निर्धारण, नागरिकता, राहदानी, नाबालक परिचय पत्र, दलित जनजाति सिफारिस लगायतका काम गर्छ । सरकारले अधिग्रहण गर्ने जग्गाको मुआब्जा तोक्ने र वितरण गर्ने काम पनि त्यहीँबाट नै हुन्छ ।

स्थानीय प्रशासन ऐन, २०२८ ले दिएको अधिकार र मन्त्रिपरिषद्को निर्णयअनुसार सुरक्षा समस्या निम्तिंदा सुरक्षा निकायहरूसँगको समन्वयमा निषेधाज्ञा लगाउने जिम्मा जिल्ला प्रशासन कार्यालयहरूलाई छ । सीमा सुरक्षा व्यवस्थापन र समन्वयको काम पनि प्रशासन कार्यालयहरूमा नै छ । जिल्लामा आइपर्ने विपद् व्यवस्थापनका लागि जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्व पनि प्रशासन कार्यालयहरूले नै गर्छन् । अहिले पनि सामान्य विवादहरू समेत अर्धन्यायिक निकायका रूपमा मिलापका लागि जिल्ला प्रशासन कार्यालयमा पुग्ने गरेको छ । मेलमिलाप र मध्यस्थ व्यवस्थापनको जिम्मा स्थानीय तहको न्यायिक समितिलाई दिएपछि प्रशासन कार्यलयमा झैझगडाका मुद्दा कम आउने भएपनि अझै निमिट्यान्न भएको छैन ।

जिल्लामा हुने अवैध नदी उत्खननसहित क्रसर उद्योगको अनुगमनका लागि समेत गृह मन्त्रालयले जिल्ला समन्वय समिति छलेर प्रशासनलाई नै जिम्मा दिइरहेको छ । विभिन्न समन्वयका समस्या फुकाउन समेत अहिले पनि जिल्ला प्रशासन नै गुहार्ने परिपाटी छ । सरकारी तथा सार्वजनिक जग्गा र सम्पत्तिहरू अतिक्रमण र दोहन हुँदा अनुगमन गरेर नियन्त्रण गर्ने काम पनि जिल्ला प्रशासनबाटै भइरहेको छ । धेरै जिम्मेवारीबीच संघ सरकारले विभिन्न समयमा बनाउने आयोग र समितिहरूले लगाएको काम समेत जिल्ला प्रशासन कार्यालय मार्फत नै गराइने भएकाले जनशक्ति अभाव भइरहेको गुनासो तराई क्षेत्रका जिल्ला प्रशासन कार्यालयहरूबाट बढी आउने गरेको छ ।

यस्तो अवस्थामा करिब २० वटा प्रशासन कार्यालयमा प्रशासकीय अधिकृत नै नहुँदा सेवा प्रवाह कमजोर बन्न पुगेको छ । गृह मन्त्रालयका सहसचिव छबि रिजाल दरबन्दीअनुसार अधिकृतहरू नहुँदा प्रशासन कार्यालयहरूले नियमित सञ्चालन गर्नुपर्ने काम नै प्रभावित भएकाले सामान्य प्रशासन मन्त्रालयसँग कर्मचारी मागिएको बताउँछन् । 'कतिपय इलाका प्रशासन कार्यालयमा त कामकाज नै ठप्प हुने अवस्था छ भने कतिपय नासुका भरमा चलिरहेका छन्' उनले भने, 'नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रसहित विभिन्न सेवाहरू दिन समेत अधिकृतहरू नहुँदा समस्या परिसक्यो ।' कार्यबोझ उच्च भएका कारण समयमै सेवा दिन नसक्ने र धेरै जनगुनासोहरू आउने अवस्था आएको सहसचिव रिजालले जानकारी दिए ।

**मालपोतमा पनि उस्तै समस्या**

देशभरिका मालपोत कार्यालयहरूमा त्यही समस्या छ । अहिले भूमि व्यवस्थापन तथा अभिलेख विभाग अन्तर्गतका मालपोत कार्यालयमा पनि अधिकृत स्तरका कर्मचारीहरूको चरम अभाव छ । भूमि व्यवस्थापन विभागका अनुसार मालपोत कार्यालयहरूमा १०० भन्दा बढी अधिकृत पदहरू रिक्त छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नयाँ भर्ना भएका अधिकृतलाई स्थानीय तहमा पठाउन प्राथमिकता दिंदा मालपोत कार्यालयमा कर्मचारी अभाव देखिएको हो । भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार देशभरि १३५ वटा मालपोत कार्यालयहरू छन् । यी कार्यालयमा उपसचिव, शाखा अधिकृत, नायब सुब्बा र खरिदारको स्थायी दरबन्दी छ । कार्यालय सहयोगी र सवारी चालक पदमा करारका कर्मचारी राख्ने प्रचलन छ ।

तर, महत्त्वपूर्ण निर्णय दिनुपर्ने अधिकृतस्तरका कर्मचारी नहुँदा कनिष्ठ कर्मचारीलाई कार्यालय प्रमुखका रूपमा काम गराउनुपरेको भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक हरिकृष्ण सुवेदीले बताए । मालपोत कार्यालयहरूमा २५५ जना शाखा अधिकृतको दरबन्दीमध्ये करिब १०० जना अधिकृत विभागमा नै छैनन् ।

अझ दुर्गम क्षेत्रका कार्यालयमा अधिकृत जानै नमान्ने समस्याले पनि ती ठाउँका कार्यालयमा सेवाप्रवाह थप कमजोर छ । पश्चिम पहाड, पूर्वी पहाड र कर्णालीका अधिकांश कार्यालयहरू नायब सुब्बाका भरमा चलिरहेका छन् । ठूलो संख्यामा शाखा अधिकृतको दरबन्दी रिक्त हुँदा अधिकांशमा नायब सुब्बास्तरका कर्मचारी कार्यालय प्रमुख छन् । कार्यालयमा उपलब्ध मध्येका वरिष्ठतम् कर्मचारीलाई नै प्रमुख तोक्ने गरिएको छ । तोकिएको तहको कर्मचारी नेतृत्वमा नहुँदा कार्यसम्पादन र सेवाप्रवाहमा समस्या आउनु स्वभाविक भएको निर्देशक सुवेदी बताउँछन् ।

'हालसालै अधिकृतमा लोकसेवाको नतिजा आएको छ, सामान्य प्रशासन मन्त्रालयले अधिकृत पदस्थापन गरेपछि समस्या कम हुन्छ,' उनले भने । संघीयतापछि जिल्लाका धेरै कार्यालय खारेजीमा पर्दा जिल्लामा प्रशासन कार्यालय, मालपोत, नापी तथा हुलाक कार्यालय कायम रहेका थिए । त्यसैले कर्मचारीको सरुवा पनि प्राय: हुलाक, प्रशासन कार्यालय र मालपोतबाटै नै बढी हुन्छ । धेरै कर्मचारी भएको मालपोत कार्यालयहरूबाटै अन्यत्रको पदपूर्ति गर्ने गर्दा मालपोतबाट कर्मचारीहरूको सरुवा ठूलो दरमा हुने गरेको छ ।

**२४५ स्थानीय तहमा छैनन् हाकिम**

सरकारले आवश्यक कर्मचारी खटाउन नसक्दा करिब २४५ वटा स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पद रिक्त छ । हाल झन्डै एक तिहाइ स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृतका भरमा चल्न बाध्य छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहमा कर्मचारी खटाउन खासै चासो पनि दिएको छैन । प्रमुख प्रशासकीय अधिकृत खटनपटनको वैज्ञानिक मापदण्ड बनाउन र विद्यमान व्यवस्थाहरू कार्यान्वयन पनि गर्न नसक्दा धेरै स्थानीय तहहरू प्रमख प्रशासकीय अधिकृतविहीन बन्न पुगेका हुन् ।

साउन २०८० मा प्रमुख प्रशासकीय अधिकृतविहीन स्थानीय तहको संख्या १२२ सम्म झरेको थियो । तर, भद्रगोल ढंगले कर्मचारी सरुवा हुने र सरुवा भएका कर्मचारी पनि तोकिएको स्थानमा नखटिने अभ्यासले फेरि स्थानीय तहरूमा संघीय सरकारबाट पदपूर्ति हुनुपर्ने पद रिक्त हुने क्रम बढ्दै गएको छ । गत २७ भदौमा मन्त्रालयले एकैपटक १०० वटा गाउँपालिकाहरूमा रिक्त प्रमुख प्रशासकीय अधिकृत पदमा कर्मचारी खटाएको थियो । नवनियुक्त ती अधिकृतहरूलाई जिम्मेवारी दिएपछि २३ गाउँपालिकाहरू मात्रै प्रमुख प्रशासकीय अधिकृतविहीन बनेका थिए । तर, त्यसको केही साता नबित्दै सरकारले यस्ता अधिकृतहरूको पनि मनलागी सरुवा गरेपछि अहिले नगरपालिकासहित थुप्रै गाउँपालिकाहरू निमित्त प्रमुख प्रशासकीय अधिकृतका भरमा चल्न बाध्य छन् । निमित्त प्रमुख प्रशासकीय अधिकृतहरूमा स्थानीय तहका नायसुब्बा स्वास्थ्य सेवातर्फका प्राविधिक कर्मचारीहरू सम्म कार्यरत छन् ।

प्रमुख प्रशासकीय अधिकृतका लागि महानगरपालिका र उपमहानगरपालिकामा सहसचिव, नगरपालिकामा उपसचिव र गाउँपालिकामा अधिकृतको दरबन्दी छ । तर, दरबन्दी अनुसार खटनपटन गर्न नसक्दा कतिपय स्थानीय तहमा सोही पालिकाका कर्मचारी त कतिपयमा संघबाटै खटिएका तल्ला तहका कर्मचारीले निमित्त प्रमुख प्रशासकीय अधिकृत भएर काम गरिरहेका छन् ।

विशेषगरी तराई-मधेश तथा दुर्गम क्षेत्रका स्थानीय तहहरूमा प्रमुख प्रशासकीय अधिकृत नखटाउने र खटाए पनि नजाने समस्या व्याप्त छ । दुर्गम क्षेत्रमा काम गर्न नजाने सरकारी कर्मचारीको दूषित मानसिकताको शिकार स्थानीय तह, त्यहाँको विकास निर्माण, दैनिक प्रशासन सञ्चालन, सुशासन र सेवा प्रवाहसम्ममा परेको छ ।

स्थानीय तहमा चर्किने गरेको राजनीतिक विवाद, अनुचित कामका लागि स्वार्थ समूहबाट आउने दबाब लगायतका कारण पनि स्थानीय तहहरूमा प्रमुख प्रशासकीय अधिकृतहरू खटाउन र टिकाउन समस्या पर्ने गरेको संघीय मामिला मन्त्रालयका अधिकारीहरू बताउँछन् । स्थानीय तहहरूले रोजी-रोजी प्रमुख प्रशासकीय अधिकृत लैजाने र अनुकूलका व्यक्ति नपाए गाउँपालिकाका कनिष्ठ कर्मचारीलाई निमित्तको जिम्मेवारी दिलाउने क्रम रोकिएको छैन । संघका कर्मचारीहरू सामान्य प्रशासनको अतिरिक्तमा बस्न तयार हुने तर स्थानीय तहमा जानै नमान्ने समस्या समेत छ ।

कतिपय कर्मचारीले त राजनीतिक पहुँचको दुरूपयोग गरेर वर्षौंसम्म एउटै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत भएर काम गरिरहेका छन् । कतिपय निमित्त भएर काम गर्नेहरू पनि पद छाड्न तयार नहुने र सरुवा गरि हाले पनि सबै जोडबल लगाएर थमौती लिने गरिरहेका छन् । राजनीतिक नेतृत्वको समेत साथ लिएर हुने कतिपय गतिविधिमा मन्त्रालयको समेत साथ हुने र कतिपयमा मन्त्रालय निरीह हुने अवस्था छ । सरकारले प्रमुख प्रशासकीय अधिकृत खटाउन चासो नदिंदा सबैभन्दा धेरै मधेश र दुर्गम क्षेत्रका स्थानीय तहहरूमा निमित्तको बाहुल्य छ ।

सरकारले खटाउन नसकेका स्थानीय तहमा निमित्तलाई नै आर्थिक तथा प्रशासकीय अधिकार दिने गरेको छ । निमित्तलाई यस्तो अधिकार दिएर काम लगाउँदा धेरै स्थानीय तहमा आर्थिक तथा प्रशासनिक अनुशासन उल्लंघनका घटना पनि त्यसैगरी बढेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पछिल्लो वर्षमा दायर गरेका अधिकांश भ्रष्टाचार मुद्दामा निमित्त प्रमुख प्रशासकीय अधिकृतहरू परिरहेका छन् । राष्ट्रिय गाउँपालिका राष्ट्रिय महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डे संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले धेरै स्थानीय तहमा आवश्यक कर्मचारीहरूलाई पठाउन नसक्दा सेवा प्रवाहमा समस्या परिरहेको बताउँछिन् ।

'प्रमुख प्रशासकीय अधिकृत नभएका गाउँपालिकाहरूलाई सेवा प्रवाहमा समस्या र जटिलता छन्,' उनले भनिन्, 'संघीय सरकारले संघीयतालाई बलियो बनाउने गरी प्रशासकीय व्यवस्थाहरू नगर्दा हाम्रा सेवाग्राहीसम्म प्रभावित छन् ।'

नेपाल नगरपालिका संघका अध्यक्ष भीम ढुंगाना पनि स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पदपूर्ति नगर्दा परेको समस्याबारे संघीय सरकार गम्भीर नहुँदा अनेक समस्याहरू परिरहेको बताउँछन् । तोकिएको दरबन्दी अनुसारका कर्मचारी नपठाएपछि कार्यसम्पादन व्यवस्थित नभएर नगरपालिकाहरूले समस्या भोगिरहेको भन्दै ढुंगानाले संघीय सरकारले गम्भीरतापूर्वक लिएर काम गर्नुपर्ने बताए ।

मन्त्रालयले पुराना कर्मचारीलाई स्थानीय तहमा खटाउन नसकेपछि लोक सेवा आयोगको परीक्षा पास गरेर प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट तालिम पूरा गर्नेबित्तिकै सोझै स्थानीय तहमा खटाउने पनि गरेको छ । यसरी कम अनुभव भएका कर्मचारी स्थानीय तहमा जिम्मेवारी सम्हाल्न पुग्दा झन् समस्या भएको सामान्य प्रशासन मन्त्रालयकै कर्मचारीहरू बताउँछन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुली रिक्त रहेका अधिकृत पदमा पदपूर्तिका गर्न लोकसेवा आयोगले हालै परीक्षापछि नामहरू सिफारिस गरेकाले ६ महिनाको तालिम सकाएर उनीहरूलाई खटाइने बताउँछन् ।

'नियमित प्रक्रियाबाट हामीले रिक्त पदहरूको विवरण संकलन गरेर लोकसेवा आयोगमा पठाउँछौं, त्यसअनुसार नै विज्ञापन भइरहेको छ' उनले भने, 'रिक्त सबै पदमा कर्मचारी खटाउनुपर्छ भनेर नै हामीले प्रयत्न गरेका छौं, तर विविध कारणले हुन सकिरहेको छैन ।' अहिले सहसचिवहरू प्रमुख प्रशासकीय अधिकृत हुनुपर्ने विभिन्न स्थानीय तहहरूमा उपसचिव, उपसचिव हुनुपर्ने ठाउँमा शाखा अधिकृत र शाखा अधिकृत हुनुपर्ने ठाउँमा अन्य कर्मचारील काम गरिरहेको बताए । 'बढी कार्यबोझ भएका कार्यालयमा पर्याप्त कर्मचारी पठाउन मन्त्रालयले काम गरिरहेको छ' उनले भने, 'सेवाप्रवाह सजिलो हुनेगरी पर्याप्त कर्मचारीको दरबन्दी राख्न संगठन संरचना पुनरावलोकन नै गर्नु परेपनि त्यसमा काम हुन्छ ।'

# साहारा चितवन सहकारी ठगी प्रकरणमा रविको बयान सकियो

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको चितवनमा बयान सकिएको छ । साहारा चितवन सहकारी ठगी प्रकरणमा मंगलबार र बुधबार रविसँग लगभग १५ घण्टा बयान लिइएको सरकारी वकिल कार्यालय स्रोतले बतायो । 'मंगलबार करिब ५ घण्टा र बुधबार १० घण्टा बयान भयो,' स्रोतले संचारकर्मीसँग भन्यो । चितवनका जिल्ला न्यायाधीवक्ता शान्तिप्रसाद लुईंटेलको रोहबरमा रविको बयान भएको थियो । स्रोतका अनुसार लामिछानेसँग लगभग ७५ बढी प्रश्न गरिएको थियो । उनले ती प्रश्नहरूको जवाफ बुधबार बेलुकी ८ बजे सकाएका हुन् ।

लामिछानेलाई काठमाडौंबाट बयानका लागि बुधबार चितवन लगिएको थियो । साहारा चितवन सहकारी लिमिटेडको रकम हिनामिना गरेको आरोपमा गत मंसिर ५ गते रविसहित १० जनाविरुद्ध पूरक जाहेरी दर्ता भएको थियो ।

काठमाडौंबाट पक्राउ गरेर कास्की पुर्‍याइएका लामिछानेलाई यसअघि रुपन्देही र काठमाडौंमा लगेर बयान लिइएको थियो । यसअघि पूर्वडीआईजी छविलाल जोशी र रामबहादुर खनाललाई पनि चितवन लगेर बयान गराइएको थियो ।

५ मंसिरमा २४ जना बचतकर्ताले साहारा सहकारीको रकम अपचलन गरेको भन्दै लामिछानेसहित १० जनाविरुद्ध जाहेरी दिएका थिए । त्यसपछि प्रहरीले दोस्रो चरणको अनुसन्धान सुरु गरेको थियो । दोस्रो चरणको अनुसनधामा साहाराका बचतकर्ताले रवि र छविसँगै जीबी ग्रुप अफ कम्पनीका शेयरधनी सिन्धुलीको दुधौली नगरपालिका-२ का विशाल तामाङ, अर्का शेयरधनी नवीन अछामी, रबिना रिमाल, असरफ अली सिद्दिकी, दीपक लामा, भगवती बम्जन, कविता तामाङ, रामबहादुर खनालविरुद्ध उजुरी दिएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# 'अञ्जिला'को कमाइबाट एञ्जिलाका लागि निर्माताले घर बनाइदिने

काठमाडौं/फिल्म 'अञ्जिला'बाट अभिनयमा समेत होमिएकी राष्ट्रिय महिला फुटबल टिमकी कप्तान तथा गोलरक्षक एञ्जिला तुम्बापो सुब्बाका लागि निर्माताले फिल्मबाट हुने कमाइले काठमाडौंमा घर बनाइदिने भएका छन् । बुधबार एञ्जिलालाई ग्रिसको ए डिभिजन क्लब नीस एट्रोमिटोउबाट फुटबल खेलनका लागि विशेष सम्मानसहित विदाई गर्दै निर्माता प्रेम कुमार श्रेष्ठले उक्त घोषणा गरेका हुन् ।




कप्तान सुब्बाको जीवन संघर्ष र खेलकुदमा पाएको सफलतामा आधारित भएर बनेको 'अञ्जिला'मा उनी स्वयं मुख्य भूमिकामा छिन् । खेलका लागि ग्रिस जानुभन्दा अगाडि एञ्जिला यही मंसिर २३ गते हङकङमा हुन लागेको फिल्मको प्रिमियरमा सहभागी हुनेछिन् । उनीसँगै प्रिमियरमा निर्देशक मिलन चाम्स पनि उपस्थित हुने जनाइएको छ । हङकङमा फिल्मको टिकट 'सोल्डआउट' भइसकेको निर्देशक चाम्सले जानकारी दिए ।

हङकङपछि आगामी जनवरी १८ (२०२५)मा अस्ट्रेलिया, जनवरीको अन्त्यमा जापान, फेब्रुअरी १५ मा यूके र मार्च २ मा कोरियामा फिल्मको प्रिमियर हुन लागेको पनि कार्यक्रममा जानकारी गराइयो । नेपालमा भने आगामी फागुन २९ गतेबाट फिल्म प्रदर्शनमा आउनेछ । ग्रिसमा खेल सकाएर फर्किएपछि एञ्जिला फिल्मको प्रचारमा जुट्नेछिन् ।

एञ्जिलाको विदाई कार्यक्रममा प्रतिनिधि सभा सदस्य सुहाङ नेम्बाङ, नेपालकी पहिलो महिला फुटबल टिमकी कप्तान रमा सिंह, राष्ट्रिय पुरुष फुटबल टिमका कप्तान किरण चेम्जोङ, फुटबल खेलाडी सैका अध्यक्ष विक्रम लामालगायत उपस्थित थिए ।

फुटबल टिम (क्लब) 'स्पोर्टिङ इलाम डि मेची'का मालिक समेत रहेका सांसद नेम्बाङले एञ्जिलाको सैर्ष र सफलता नेपाली खेलकुद र फिल्मका लागि प्रेरणादायी रहेको बताए । 'अञ्जिला'ले नेपाली महिला खेलकुदको महत्त्व र सम्भावनालाई विश्वसामु पुर्‍याउने उनको विश्वास छ । उनले निर्देशक मिलन चाम्सलाई नेपाली फिल्मको 'मेस्सी'को समेत संज्ञा दिए ।

नेपाली महिला फुटबल टिमकी प्रथम कप्तान रमा सिंहले 'अञ्जिला'लाई ऐतिहासिक प्रयासको रूपमा व्याख्या गरिन् । उनले भनिन्, 'सम्भवत: यो नेपाली महिला खेलाडीको जीवनमा आधारित पहिलो बायोपिक हो । एञ्जिलाको सैर्ष र सफलताको कथा खेलकुद पर्यटनको विकासका लागि पनि प्रेरणा बन्नेछ ।'

राष्ट्रिय पुरुष फुटबल टिमका कप्तान किरण चेम्जोङले यो फिल्मलाई नेपाली फुटबलको ऐतिहासिक उपलब्धि भएको उल्लेख गरे । उनले युरोपियन लिगमा महिला गोलरक्षकले खेल्ने अवसर पाउनु ठूलो उपलब्धि रहेको समेत बताए ।

'अञ्जिला'मा एञ्जिला सहित सुनिल थापा, दयाहाङ राई, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ, मञ्जु श्रेष्ठ, बुद्धि तामाङ लगायतको पनि अभिनय छ । फिल्मको सह-निर्माताहरूमा टुबेन्द्र लिम्बु, विनोद अग्रवाल र राजेश बगडिया छन् । यसको छायाङ्कन सुदीप बरालले गरेका हुन् भने सम्पादन मिलन श्रेष्ठले गरेका छन् ।

# 'बम बहादुर'को ट्रेलर रिलिज, विद्रोही भूमिकामा सौगात

काठमाडौं/अभिनेता सौगात मल्लको मुख्य भूमिका रहेको फिल्म 'बम बहादुर'को ट्रेलर सार्वजनिक गरिएको छ । बुधबार सार्वजनिक साढे २ मिनेट लम्बाईको ट्रेलरले फिल्मको कथावस्तुबारे प्रकाश पार्छ । सस्पेन्स र थ्रिल मिश्रित ट्रेलरमा गोर्खाल्यान्डका लागि भएको संघर्षलाई देखाइएको छ । सौगातको पात्र विद्रोही र रहस्यमयी देखिन्छ ।



जोन राईको निर्देशनमा तयार भएको फिल्ममा सौगातसहित प्रशान्त राई, अनिशा रसाइली, भास्कर प्रधान, महेन्द्र बग्दास, मदन भुजेल, भरत वशिष्ठ, अजय प्रधान, शान्तिला तामाङ, रिया भुजेल, बाल कलाकार वशिस्ट कार्की, सुरेश पन्चकोटी, प्रभात पाखिन, बादल क्षेत्री, धीरज चाम्लिङ लगायतको अभिनय छ । आगामी पुष ५ गतेबाट नेपाल र भारतमा फिल्म एकसाथ रिलिज हुनेछ ।

'बम बहादुर'ले भारतको पश्चिम बङ्गाल राज्यको दार्जिलिङ र डुअर्स क्षेत्रमा बस्ने नेपाली समुदायले गरेको ऐतिहासिक संघर्षलाई चित्रण गर्ने निर्देशक राईले बताए । १९८० को दशकमा भएका घटनाहरूमाथि फिल्म आधारित रहेको उनको भनाई छ । उनी फिल्मलाई भारतका नेपाली समुदायले गरेको सैर्षको डिजिटल दस्तावेजको रुपमा व्याख्या गर्छन् ।

बिस्ट ब्रदर्स फिल्म्सको निर्माणमा बनेको फिल्मका निर्माता सञ्जीव सार्की हुन् । लाइन प्रोड्युसरमा भने प्रकाश हमाल छन् । जोन राई र रुपेश तामाङको कथा र पटकथा लेखन रहेको फिल्ममा सुजोय कुमार घोष 'मुन्ना'को छायाङ्कन तथा ज्ञान गुरुङको सम्पादन छ । यसमा संगीत दीपङ्कर सिंह मुखियाको रहेको छ भने म्यूजिक एरेन्जमेन्ट र ब्याकग्राउन्ड स्कोर इजाज अलीले गरेका छन् ।

# निखिल उप्रेतीले अर्को वर्ष फिल्म बनाउने

काठमाडौं/यतिबेला अघिल्ला पुस्ताका स्थापित कलाकारहरुको कमब्याकको लहर चलेको छ । राजेश हमाल, विराज भट्ट, राजबल्लभ कोइराला जस्ता कलाकारहरुले कमब्याक गरिसकेको अवस्थामा अब 'एक्सन स्टार'को रुपमा कहलिएका निखिल उप्रेती पनि करिब ५ वर्षपछि फिल्ममा फर्किने तयारीमा जुटेका छन् । उनले अर्को वर्ष आफ्नै निर्देशनमा फिल्म बनाउन लागेका हुन् ।

हालै एक अन्तर्वार्तामा निखिलले आगामी जेठबाट छायांकन सुरु गरिने बताएका छन् । 'म जेठबाट फिल्मको छायांकन गर्छु होला,' उनले भने, 'यो द्वन्द्व (एक्सन)मा आधारित फिल्म हुनेछ । यसको मतलब यसमा सिर्फ द्वन्द्व छैन । पहिला चाहिँ म सिर्फ द्वन्द्व गर्थें । र, मेरो द्वन्द्वमा कथा हालिन्थ्यो । अब मैले बनाउने फिल्मको कथामा द्वन्द्व हुन्छ ।' फिल्म द्वन्द्वप्रधान भए पनि त्यसले युवापुस्तालाई धेरै कुरा सिकाउने उनको दाबी छ ।

उनका अनुसार फिल्म सुपरहिरो पात्रमा आधारित हुनेछ । तर, फिल्मको सुपरहिरो एकदमै 'इनोसेन्ट' (निर्दोष) रहेको उनी बताउँछन् । 'मेरो फिल्मको सुपर हिरो एकदमै 'इनोसेन्ट' छ । ठ्याक्कै मजस्तै छ । उसमा सुपरपावर त आयो तर मुद्धा नै छैन,' उनी अगाडि भन्छन्, 'फिल्ममा हाम्रो कल्चरलाई जोड दिनेछु । नेवारी भाषालाई बढी प्रयोग गर्ने मेरो कोसिस छ ।'

नेपालमा विदेशी फिल्मको प्रभाव निस्तेज पार्न आफ्नो सुपर हिरो फिल्मले भूमिका खेल्ने उनको विश्वास छ । भन्छन्, 'विदेशी फिल्मले नेपालबाट करोडौं लिएर जान्छन् । त्यति पैसा विदेशबाट नेपाल ल्याउनलाई हाम्रा नेपालीहरुले खाडीमा धेरै दु:ख गर्नुपर्छ । हामी मनोरञ्जनको नाममा त्योभन्दा ठूलो रकम विदेश पठाइरहेका छौं । यसैले विदेशी फिल्मको प्रभावलाई निस्तेज पार्नु हाम्रो दायित्व बन्छ । अबको मेरो फिल्म त्यो हतियार हुनेछ ।'

निखिल लामो समय फिल्ममा काम नगर्नुलाई भने आफ्नो 'डिजाइन' मान्छन् । 'मैले लामो समय फिल्म गरिनँ । यो मेरो 'डिजाइन' नै थियो,' उनी भन्छन्, 'मैले 'पिंजडा'पछि यति धेरै फिल्म गरेँ कि सयवटासम्म त सासै फेरि एनभन्दा पनि हुन्छ । एक विन्दूमा त म आफैंलाई लागेको थियो कि म हिरो बन्नलाई जन्मिएको होइन ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# ख्रिष्टमसको अवसरमा शुभकामना आदानप्रदान



साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ हेटौंडामा खिष्टमसको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गरिएको छ । ख्रिष्टमस उत्सव २०८१ तथा नववर्ष सन् २०२५ को अवसरमा राष्ट्रिय खिष्टियन महासंघ नेपाल जिल्ला समिति मकवानपुरले शुभकामना आदानप्रदानको आयोजना गरेको हो ।

कार्यक्रम बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामाको प्रमुख आतिथ्यतामा भएको हो । सो क्रममा बोल्दै मुख्यमन्त्री लामाले लोकतन्त्रसँगै समाज रुपान्तरण हुँदै गएको उल्लेख गरे । प्रदेश सरकारले गुम्बा, मठमन्दिर मात्र नभई चर्च पनि निर्माण गरिरहेको बताए । छुवाछुत विभेदको अन्त्य हुँदै गएको भन्दै उनले राज्यले निर्माण गरेको धार्मिक संरचनाको संरक्षण गर्न आग्रह गरे । कार्यक्रम राष्ट्रिय खिष्टियन महासंघ नेपाल जिल्ला समिति मकवानपुरका अध्यक्ष नवराज पाखिनको अध्यक्षतामा भएको हो ।

हरिबहादुर पाखिन, तीर्थलाल थिङ, सुकुमाया पाखिन, मिलन थिङ, छलिमाया सिन्तान, आशाकुमारी पाखिन दोङ, जगत दोङ, जंगबहादुर ब्लोन, सूर्यबहादुर प्रजा, मंगले पाखिनलाई प्रशंसापत्र प्रदान गरिएको थियो । यसैगरी, मिलन दोङ, प्रेमलाल थिङ, विष्णुराम प्रजा, बुद्धिमान दोङ, पंचबहादुर सिंतान, ब्रम्हाबहादुर ब्लोन, सन्चबहादुर सिन्तान, कुमार सिं स्याङ्तान, गजबहादुर स्याङ्तान, धनबहादुर थिङ, रणबहादुर थिङलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरका सभापति भरत पराजुलीलागयतको सहभागिता रहेको थियो ।

# राष्ट्रिय माविकी प्रजाको कबिता उत्कृष्ठ

साझाकुरा संवाददाता



हेटौंडा, १९ मंसिर/ मकवानपुर महिला समूहले आयोजना गरेको माध्यमिक विद्यालयस्तरीय कबिता प्रतियोगितामा राष्ट्रिय मावि सुनाचुरीकी छात्रा सुष्मा प्रजाको कबिता उत्कृष्ठ ठहरिएको छ ।

मकवानपुर महिला समूहले मनहरी गाउँपालिका कार्यालयको समन्वयमा पशुपतिनाथ माविमा आयोजना गरेको प्रतियोगितामा मनहरी गाउँपालिकाभित्रका माधमिक विद्यालयका छात्रछात्रा सहभागी प्रतियोगितामा भोजसिद्ध माविकी छात्रा कृषा लो द्वितीय भइन् । महेन्द्रकिरण माविकी रोसिका कार्की तृतीय र भोजसिद्धकी रबिना खड्का सान्त्वना भएका थिए । प्रतियोगिताका बिजेताहरुलाई मनहरी गाउँपालिका उपाध्यक्ष सीता फुलामी, मनहरी-४ का वडाअध्यक्ष प्रकाश थापाले नगदसिहत शैक्षिक सामग्री पुरस्कृत गरेका थिए ।

लैङ्गिक हिंसाबिरुद्धको १६ दिने अभियानअन्तरर्गत आयोजना गरिएको विद्यालयस्तरीय कबिता प्रतियोगिता पशुपतिनाथ मावि ब्यवस्थापन समितिका अध्यक्ष माधव गौतमको अध्यक्षतामा भएको थियो । मनहरी गाउँपालिका शिक्षा प्रमुख प्रदीप पराजुली, स्रोतशिक्षक बिदुर थापा, माइती नेपाल मकवानपुर कार्यक्रम संयोजक माया लामाले निर्णायकको भूमिका निर्वाह गरेका थिए । कबिता प्रतियोगितासँगै मकवानपुर महिला समूहले लैङ्गिकहिंसा बिरुद्धको हस्ताक्षर संकलन तथा गीतिनाटक प्रदर्शन गरिएको थियो ।

# उपनिर्वाचन सफल बनाएकोमा कांग्रेस बागमतीद्वारा आभार

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ मंसिर १६ गते भएको स्थानीय तह उपनिर्वाचन शान्तिपूर्णरुपमा सफल बनाएकोमा नेपाली कांग्रेस बागमती प्रदेश समितिले सबैप्रति आभार व्यक्त गरेको छ ।

कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले बुधबार एक सन्देश जारी गर्दै स्थानीय तहको उप-निर्वाचन, २०८१ उत्साहपूर्णरुपमा सम्पन्न भएको बताए । 'लोकतन्त्रको सुन्दर पक्ष निर्वाचन मार्फत् निर्वाचित हुनुभएका सम्पूर्ण जनप्रतिनिधिप्रति हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछौं' सन्देशमा भनिएको छ ।

उप-निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष एवम् उत्साहजनक रुपमा सम्पन्न गर्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा नेपाल सरकार, निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दल, संचारकर्मी तथा पर्यवेक्षक र मतदाता र पार्टी कार्यसमितिप्रति सभापति बानियाँले आभार व्यक्त गरेका छन् ।

मंसिर १६ गते बागमती प्रदेशमा एक नगरप्रमुख, एक गाउँपालिका उपप्रमुख र ५ जना वडाध्यक्ष गरी ७ स्थानमा निर्वाचन भएको थियो ।

जसमध्ये नेपाली कांग्रेसबाट कीर्तिपुर नगरपालिकाको मेयर, कीर्तिपुर- १, कीर्तिपुर-४ र हेटौंडा-१२ मा वडाध्यक्ष निर्वाचित भएका थिए ।

# त्रिविका १४ हजार विद्यार्थी दीक्षित हुँदै

काठमाडौं, १९ मंसिर/ त्रिभुवन विश्वविद्यालयले यस वर्ष ५० औं वर्ष अर्थात् स्वर्ण दीक्षान्त समारोह मनाउँदै छ । समारोह आगामी पुस १३ गते त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने भएको छ ।

समारोहका उपाध्यक्ष तथा त्रिवि परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशीले दीक्षान्त समारोह हुन थालेको ५० वर्ष पुगेको अवसरमा स्वर्ण समारोह गर्न लागिएको जानकारी दिए । उनका अनुसार समारोहमा यसपटक १४ हजार तीन सय सात विद्यार्थी दीक्षित हुँदैछन् ।

सोही संख्यामा अभिभावकको समेत सहभागिता हुनेछ । समारोहमा विसं २०८० असारदेखि २०८१ असार मसान्तसम्म पास भएका ७३ हजार नौ सय ९५ जना 'ग्रेस लिस्ट' भएका विद्यार्थी दीक्षित हुँदैछन् । समारोहमा विभिन्न १७ वटा पदकसमेत प्रदान गरिने छ । उनले प्रमुख अतिथिको टुङ्गो लाग्न बाँकी रहेको बताए ।

# घरको शौचालयमा लडेर युवकको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ हेटौंडा उपमहानगरपालिका-६ कल्यानटारमा आफ्नै घरको शौचालयबाट निस्कने क्रममा लडेर एक युवकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा २८ वर्षीय उद्धव राई रहेका छन् । उनी मंगलवार साँझ आफ्नै घरको शौचालयबाट निस्कने क्रममा शौचालय बाहिर लडेर बेहोस भएका थिए । राईलाई उपचारका लागि हेटौंडा अस्पताल ल्याइएकोमा उपचारको क्रममा गएराति डाक्टरले मृतघोषणा गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । राईको शव हेटौंडा अस्पतालको शवगृहमा रहेको र घटनाको थप अनुसन्धान भइरहेको प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

# प्रेस नेपालका अध्यक्ष शर्मा माओवादीमै फर्किए



साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ नेपाल समाजवादी पार्टीनिकट प्रेस नेपालका अध्यक्ष हेटौंडाका पुराना पत्रकार मनोज शर्मा नेकपा (माओवादी केन्द्र) मा प्रवेश गरेका छन् ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बुधवार बिहान उनलाई खादालगाएर पार्टी प्रवेश गराएका हुन् । माओवादी प्रवेश गरेसँगै प्रतिक्रिया दिँदै शर्माले आफ्नै घर फर्किएको बताए । बाबुराम भट्टराई माओवादीबाट छुट्टिएर नयाँ दल गठन गर्दा शर्मा पनि भट्टराईसँगै गएका थिए । माओवादीबाट छरिएकालाई समेटेर विशाल पार्टी बनाउने अभियानमा सहयोग पुऱ्याउन आफू माओवादीमा गोलबद्ध भएको उनले बताए ।

शर्मालाई स्वागत गर्दै अध्यक्ष प्रचण्डले माओवादी आन्दोलन एकता र ध्रुवीकरणको प्रक्रियामा अघि बढेकाले विभिन्न घटकहरुसँग एकता प्रक्रिया सुरु भएको बताए । व्यक्तिगत रुपमा ध्रुवीकृत हुने क्रम पनि बढेको भन्दै उनले यसले आगामी यात्रालाई थप सहज र प्रभावकारी बनाउने विश्वास व्यक्त गरे ।

दुई दशकभन्दा बढी पत्रकारितामा सक्रिय शर्मा नेपाल पत्रकार महासंघको केन्द्रीय प्रशिक्षण समितिको सदस्य भएर काम गरि सकेका छन् । प्रवेश कार्यक्रममा पार्टी अध्यक्ष प्रचण्ड, वरिष्ठउपाध्यक्ष नारायणकाजी श्रेष्ठ, पत्रकार महासंघका पूर्वअध्यक्ष गोविन्द आचार्यलगायतको उपस्थिति थियो ।

# अस्पतालमै थन्कियो मुटुपरीक्षण उपकरण



साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालमा मुटुरोग विशेषज्ञ नहुँदा मुटुरोगीको जाँचका लागि ल्याइएको उपकरण विगत डेढ वर्षदेखि थन्किएको छ ।

उपकरण प्रयोगविहीन हुँदा बिरामी अन्यत्र जानुपर्ने बाध्यता छ । बिरामीको चापलाई दृष्टिगत गरी मकवानपुर रोटरी क्लबले हेटौंडा उपमहानगरपालिकासँगको साझेदारीमा एक करोड रुपैयाँ बराबरको मुटुपरीक्षण उपकरण अस्पताललाई उपलब्ध गराएको थियो । अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटाका अनुसार उपकरण अस्पतालाई हस्तान्तरण भएपनि विशेषज्ञ नहुँदा उपकरण थन्किएका छन् ।

सुपरिटेन्डेन्ट डा. सापकोटाले भने, 'हामीले मुटुरोग विशेषज्ञका लागि विज्ञापन खुलायौं, त्यसमा एकजनाले मात्र आवेदन भर्नुभयो । तर, उहाँलाई प्रदेश कार्यविधिले नियुक्त दिन मिलेन ।' मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालबीच केही दिनअघि जनशक्ति व्यवस्थापनसम्बन्धी सम्झौता भएकाले शीघ्र समस्या समाधान हुने उनको विश्वास छ ।


## ड्राइभिङ सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


# साना उद्योगलाई लगानी र प्रवर्द्धन गरिनुपर्छः मुख्यमन्त्री



साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले साना उद्योगलाई लगानी र प्रवर्द्धन गर्नुपर्नेमा जोड दिएका छन् । लगानी र प्रवर्द्धन गरेर रोजगारीको सृजना गर्न सकिने उनको भनाई छ ।

हेटौंडामा आयोजित महिला उद्यमशीलता प्रवर्द्धनका लागि व्यवस्था गरिएका नीतिगत प्रदेशस्तरीय छलफल कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले साना लगानीका उद्योगमा लगानी तथा प्रवर्द्धन गर्नसके देशमै रोजगारी सिर्जना हुने बताए । उनले महिला उद्यमीलाई अगाडि बढाउन सके आर्थिक विकासमा टेवा पुग्ने धारणा राखे । यसका लागि महिलालाई शिक्षामा लगानी गर्न कन्जुस्याईं गर्न नहुने उनको भनाई छ ।

सबै क्षेत्रमा महिलालाई अधिकार प्रत्याभूति गर्नसके उद्योग व्यवसायसँगै राजनीतिक क्षेत्रमा पनि उनीहरुको पहुँच पुग्ने उनले बताए । उद्यमी बनाएर मात्र उद्यमशीलता नहुने भन्दै उत्पादित वस्तुको पैठारी गर्नमा सरकारीस्तर बाट पहल हुनुपर्ने र यसका लागि प्रदेश सरकार आगामी दिनमा विभिन्न कार्ययोजना बनाएर अघि बढ्ने उनले बताए । साना उद्यमीलाई प्रदेश सरकारले प्रवर्द्धन गर्नुका साथै अनुदानका लागि आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले उद्यम क्षेत्रमा उपमहानगरको लगानी रहेको बताइन् । 'हामीले १४ वटा महिला उद्यमक्षेत्रमा काम गरिरहेका छौं, कृषिसँगै भान्छामा प्रयोग हुने वस्तुहरु गरी १४ किसिमका उद्यमक्षेत्रमा नगरपालिकाले काम गरिरहेको छ' नगरप्रमुख लामाले भनिन् । हेटौंडाक्षेत्रमा ढाकाका पहिरन, गार्मेन्टक्षेत्र, तोफु, अदुवा, बेसार, गुन्द्रक, खुवा र लसुनलाई ब्राण्डेड गर्दै अघि बढिरहेको प्रमुख लामाले बताएकी छन् ।

महिलाउद्यमी महासंघका अध्यक्ष शोभा ज्ञवालीको अध्यक्षतामा भएको अन्तरक्रियामा नेपाल सरकारका उद्योग तथा वाणिज्य मन्त्रालयका पूर्वसचिव यामकुमारी खतिवडाले महिला उद्यमशीलता विकासका लागि संघ र प्रदेश सरकारका नीति, कार्यक्रम र कार्यान्वयनका लागि समन्वयका विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गरेकी थिइन् ।

# मकवानपुरका सिलवाल टुँडिखेलमा मृत फेला

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ काठमाडौं महानगरपालिका-२२ टुँडिखेलस्थित मैदानको गोलपोस्ट नजिकै एकजना मृत अवस्थामा फेला परेका छन् । मृत भेटिने व्यक्ति मकवानपुरका रहेको प्रहरीले जनाएको छ ।

मकवानपुर घरभएका ४५ वर्षीय बद्रीप्रसाद सिलवाल मृत फेलापरको निजका साथमा रहेको नेपाली नगरिकता प्रमाणपत्रबाट खुलेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवम् प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । सिलवालको घर मकवानपुर भनिए पनि निश्चित ठेगानाका बारेमा खुलाइएको छैन ।

एसपी अधिकारीले भने, 'निजको बायाँ हातको साइडमा सानो चक्कु र बायाँ हातको मुनि रगतको ताल रहेको छ ।' प्रहरीवृत्त जनसेवा तथा प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीटोलीबाट घटनाका बारेमा आवश्यक अनुसन्धान कार्य भइरहेको उनले जानकारी दिए । शव जाँचको प्रकृतिमुचुल्का गरी शवपरीक्षणका लागि शिक्षण अस्पताल महाराजगञ्ज पठाइएको प्रवक्ता अधिकारीले बताए ।

## राक्सिराङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## चैनपुर, मकवानपुर

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*दोश्रो पटक प्रकाशित मिति: २०८१/०८/२०*

यस कार्यालयबाट मिति २०८१/०१/२६ गते प्रकाशित सूचनाअनुसार वि.नं. १२/०८/२६ को नेत्र सहायक पदमा तोकिएको मितिभित्र रितपूर्वक दरखास्त परि स्वीकृत गरिएको उम्मेदवारहरु हाल उपलब्ध नभएको र मिति २०८१/०७/०६ मा प्रकाशित सूचना अनुसार वि.नं. ०३/०८१/८२ को कार्यालय सहयोगी सम्बन्धी विज्ञापनमा त्रुटि भएकोले सो सच्याई योग्यता पुगेको ईच्छुक उम्मेदवारहरुले यस सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफ्नो व्यक्तिगत योग्यता खुल्ने प्रमाणित कागजातहरु र गाउँपालिकाको राजश्व शाखामा राजश्व तिरेको सक्कलै रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध छ । विहान ८:०० बजे

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | परीक्षा दस्तुर | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|---|
| १ | १२/०८०/८१ | नेत्र सहायक | सहायकस्तर चौथो | १ खुला | रु.४०० | राक्सिराङ्ग गाउँपालिका अन्तर्गतको ग्रामीण आँखा केन्द्र, राक्सिराङ्ग-५ |
| २ | ०३/०८१/८२ | कार्यालय सहयोगी | - | १ महिला | रु.३०० | राक्सिराङ्ग आयुर्वेद औषधालय, राक्सिराङ्ग-५ |

**आवश्यक न्युनतम शैक्षिक योग्यता:**

१. नेत्र सहायक पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट तीन बर्षे Diploma in Opthalmic Science वा सो सरह उत्तीर्ण गरेको । कार्यालय सहयोगी पदको लागि साधाराण लेखपढ गर्न जान्ने ।
२. उमेर : नेत्र सहायक पदको लागि १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिला उम्मेदवारको हकमा ४० बर्ष ननाघेको)
३. दरखास्त दिने स्थान वा विधि: राक्सिराङ्ग गाउँपालिकाको कार्यालय, चैनपुर मकवानपुर वा Online मार्फत आवेदन दिन चाहनेहरुका लागि https://raksirangmun.gov.np/sample-forms लिङ्कको फारम भरि आवेदन दिन सकिनेछ ।
४. सम्पर्क मिति: म्याद समाप्त भएको भोलिपल्ट ।
५. अन्तरवार्ता मिति: सम्पर्क मितिका दिन तोकिनेछ ।
६. छनौटको प्रकृया: लिखित परिक्षा तथा अन्तरवार्ता ।
७. सेवा सुविधा: राक्सिराङ्ग गाउँपालिकाको निर्णय अनुसार ।
८. गर्नुपर्ने कार्य: राक्सिराङ्ग गाउँपालिकाको ग्रामीण आँखा केन्द्रमा नेत्रसेवा प्रदान गर्ने ।
९. आवेदनसाथ संलग्न कागजातहरु :
- नागरिकता प्रमाणपत्रको छायाँकपि
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्रको छायाँकपि
- चारित्रिक प्रमाणपत्रको छायाँकपि
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट फोटो

१) दरखास्त दस्तुर जम्मा गर्ने बैंक र खाता नं.: ग्लोबल आईएमई बैंक लि. मा गाउँपालिकाको "ग-१-१ आन्तरिक राजश्व खाता नं. ३६३०४०१००००००८" ।

नोट: आवेदनको ढाँचालगायत अन्य जानकारी राक्सिराङ्ग गाउँपालिकाको कार्यालय तथा गाउँपालिकाको वेवसाईट https://raksirangmun.gov.np बाट हेर्न सकिनेछ । वि.नं. ०३/०८१/८२ को कार्यालय सहयोगी पदमा यस अघि दरखास्त पेश गरेका उम्मेदवारहरुले पुन: दरखास्त दिनु नपर्ने ।

**प्रमुख प्रशासकीय अधिकृत**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना